# आर्थिक वर्ष २०८३/०८४ को  बार्षिक नीति तथा कार्यक्रम

**अजिरकोट गाउँपालिकाको कार्यालय**

**भच्चेक, गोरखा, गण्डकी प्रदेश, नेपाल**

**२०८३**

गाउँपालिका उपाध्यक्ष ज्यू ,
गाउँसभा सदस्य सचिव ज्यू ,
गाउँसभा सदस्य ज्यूहरु ,
राष्ट्रसेवक कर्मचारीहरु,
सुरक्षाकर्मीहरु,
पत्रकार मित्रहरु,
नागरिक समाज र आदरणीय अजिरकोटवासी आमा बुबा दिदीबहिनी तथा दाजुभाईहरु ।

अजिरकोट गाउँपालिकाको अध्यक्ष पदमा निर्वाचित भएर पाँचौं तथा अन्तिम आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म आफुलाई गौरवान्वित महसुस गरेको छु। यस भावउतेजक घडीमा आदरणीय सम्पूर्ण अजिरकोटवासी आमा, बुबा , दिदिबहिनी तथा दाजुभाईहरुलाई हृदय देखि हार्दिक आभार व्यक्त गर्न पाउँदा फेरिपनि सुखको अनुभुति भएको निवेदन गर्दछु।
हामी यो सुनौलो अवसरसम्म आइपुग्न जनताका बीचबाट गैरसांगठनिक र सांगठनिक रूपमा वि सं १९९४ साल अघि र पछि देखि आजसम्म बिभिन्न संघर्षहरू र त्यसमा पनि बिशेष गरी १० वर्षे जनयुद्ध, २०६२/०६३ को जनआन्दोलन, जनजाति आन्दोलन, मधेश आन्दोलन, Gen-z आन्दोलन तथा उत्पिडित वर्ग समुदायहरूको आन्दोलनहरूको परिणामत राजनीतिक परिवर्तन भएको कुरा हामी सबैलाई विदितै छ। यस राजनीतिक परिवर्तनको महायात्रामा आफ्नो अमूल्य जीवन वलिदान गर्ने ती सम्पूर्ण ज्ञातअज्ञात महान शहीदहरूप्रति यस अवसरमा हृदयदेखि सम्मान प्रकट गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु। यतिवेला, जेलनेलको यातना भोग्ने योद्धाहरू तथा घाइते र बेपत्ता योद्धाहरूप्रति उच्च सम्मान प्रकट गर्दै महान परिवर्तनकारी नेपाली जनताप्रति हार्दिक अभिनन्दन प्रकट गर्दछु।
हामी फेरि पनि यस घडीमा, हाम्रो स्थानीय सरकारलाई लोकतन्त्रको रक्षा गर्ने आधारस्तम्भको रूपमा ग्रहण गर्दै सामाजिक न्याय सहितको समृद्धि र आर्थिक, सामाजिक एवं साँस्कृतिक रूपान्तरणको पक्षमा सम्पूर्ण रूपमा समर्पित भई क्रियाशील रहीआएका हामी निर्वाचित जनप्रतिनिधिहरू शासक होइन सेवक हौं भन्ने कुरालाई जनताका बीचमा पुनः पुष्टि गर्दै यस महान जनसेवामा समर्पित रहने कर्तव्यबाट कहिल्यै बिचलित, बिमुख नहुने र जनताको जीवनमा देखिने गरी तात्विक परिवर्तनको गतिलाई अगाडी बढाइरहने संकल्प सगर्व फेरि दोहऱ्यान चाहन्छु ।
विश्व विकासको मानचित्रमा हाम्रो मुलुक निकै पछाडि छ । हाम्रो सामुन्ने अनगिन्ती समस्याहरु छन् दिनहु १५०० देखि २००० युवा- युवतीहरु घरको चुलोमा आगो बाल्न बिदेशी मुलुकमा पसिना बगाउन बाध्य छन् । गाउँहरु युवा विहिन बन्दैछन । जमिनहरु बाँझिदै गएका छन् । मुलुक परनिर्भरतामा अल्झिदै गरिएको छ। युवाहरुमा आशाका किरणहरु निभ्दै गएका छन् । यसले ल्याउने परिणाम कहालीलाग्दो छ। साराशंमा भन्दा मुलुक उज्यालो बाटोबाट अध्यारोतर्फ धकेलिदै छ अब के गर्ने ?

यो नै हामी र हाम्रो अजिरकोटको साझा र यक्ष प्रश्न हो। जीवन छ, समस्याहरु छन् तर तिनीहरुको समाधान गर्ने खूवी नै आजको अजिरकोट स्थानीय सरकारको अवसर हो । प्रत्येक समस्याले उत्तिकै अवसरहरु पनि साथसाथै लिई आएका हुन्छन् । आजका तमाम अजिरकोटका समस्या र चुनौती लाई अवसरमा बदल्ने, समस्या भित्र समाधान खोज्ने यो अजिरकोट गाउँपालिका सरकारको कर्तव्य हो आर्थिक सामाजिक रुपान्तरण आजको समयको माग हो । त्यसैले अनुकरणीय अजिरकोट हाम्रो सपना र त्यहाँ पुग्ने सोपान निमार्ण गरौं आगामी बर्षलाई अजिरकोट रुपान्तरणको निर्णायक बर्षको रुपमा मनाऔं।

अहिलेको स्थानीय सरकार कार्यकारी, न्यायिक र विद्यायिकी अधिकार सहितको शक्तिशाली सरकार हो। आफ्नो योजना आफै बनाउने, स्रोत जुटाउने र योजना कार्यान्वयन गर्ने अमूल्य अवसर प्राप्त छ भन्ने आफूले गरेका कामको जस, अपजस झेल्ने अनि सार्वजनिक तथा कानून जवाफदेहिता वहन गर्ने दायित्व पनि स्थानीय सरकारमै आएको छ। अव बन्ने योजना र कार्यक्रमहरु फेरिपनि कर्मकाण्डी नभई आर्थिक तथा सामाजिक रुपान्तरणको बाहक हुनु पर्दछ।संविद्यानले दिएको अवसरको अजिरकोट गाउँपालिका सरकारले गहिरोसँग हृदयगंम गरी कार्यान्वयनमा जोडदिनु आजको आवश्कता हो।

**गाउँसभाका सदस्यज्यूहरू,**

अहिलेको बिज्ञान प्रविधि र सञ्चार जगतको अभूतपूर्व विकास संगसंगै समाज विकासको तीव्रता संगसंगै हुँदा खाने र हुने खाने बर्ग बीच निकै ठूलो अन्तर देखा परेको हामी सबैमा विदितै छ।स्वाधीन समुन्नत एवं आत्मनिर्भर अर्थतन्त्र निर्माणको आवश्यकता र संविधानमा नै उल्लेख भएको समाजवाद उन्मुख अर्थ व्यवस्थाको आधार निर्माणले समाजको वास्तविक भिन्नता अन्त्य गर्न सकिने कुरा हामी सबैले बुझ्न जरुरी र आवश्यक छ। गणतन्त्र, समावेशीता, धर्मनिरपेक्षता, संघीयता, सकारात्मक विभेद सहितको समानुपातिक प्रतिनिधित्व सहितको नेपाली मोडलको मौलिक समाजवाद उन्मुख व्यवस्था प्रतिको हाम्रो यात्रा लक्षित भएता पनि यस पालिकाको समग्र अवस्था बदल्नका लागि व्यवस्थामा नै वस्तुवादी एवं जनमुखी नीति, कार्यक्रम र कानून निर्माण गरेर रूपान्तरणकारी नेतृत्व गर्न जरुरी भएकोले हामीले सोही अनुरूप चार आर्थिक बर्ष पार गरेका छौं। यो परिवर्तन हामीले रगत र आशुँसित साटेर प्राप्त गरेको राज्यव्यवस्था हो। यसको विविध सीमा र कमीकमजोरी छन् तर गणतन्त्रको विकल्प झन् उन्नत गणतन्त्र हो नकि अझै कुनै पश्चगामी प्रतिक्रान्ति होइन। हामी अजिरकोट गाउँपालिकको सरकारको तर्फबाट दृढतापुर्वक यो संविधान र राज्यव्यवस्थाको रक्षा र विकासको पक्षमा उभिन र समस्या र चुनौतीको जटिलतासंग सामना गर्न आह्वान गर्दछु।

साहस, सौर्य र वलिदानीपूर्ण तमाम् पटक पटकका (१० वर्षे जनयुद्ध, १९ दिने जनआन्दोलन, जनजाति आन्दोलन, मधेश आन्दोलन, Gen-z आन्दोलन तथा उत्पिडीत वर्ग समुदायहरूको आन्दोलनहरू) संघर्षहरूबाट नेपालको व्यवस्था बदल्न हामीहरूले सफलता प्राप्त गरेका हौं तर नेपाली जनताको अवस्था बदल्न भने अनेक कठिनाइहरूबाट जेलिएर जहाँको तेहीं रहिरहेको अवस्था आज पनि

विद्यमान छ । धनी र गरीब, गाउँ र शहर, हुने र नहुने बीचको खाडल झन झन बढोत्तरीमा अग्लिदै गइरहेको अवस्थाबाट अब हामीले विकास निर्माणका सघन कार्यक्रमहरूको सफल कार्यान्वयन गरी यो खाडललाई कम गर्दै लग्न कोशिस गर्नै पर्दछ।

हामीले ठुलो रगत र पसिनाबाट प्राप्त गरेको स्थानीय सरकार प्रति जनताको यदाकदा गुनासो छ। सेवाग्राही मैत्री भएन, सुशासन भएन, जनताको जीवनको बदल्ने अभियान भएन आदी। यसवाट हामीले गम्भीर शिक्षा लिनुपर्दछ र सम्पुर्ण तागत जनतामैत्री भएर विकासकेन्द्रित नीति कार्यक्रम मार्फत जनताको सखदुखमा एकाग्र हुनुको अर्को विकल्प किमार्थ हामीलाई छुट छैन। कुनै पनि बहानाबाजीको आडमा सेवा प्रवाहबाट विमुख हुने प्रवृत्तिलाई अन्त्य गर्दै, विनम्रता र उत्तरदायित्वपूर्ण व्यवहारका साथ जनताको सेवा गर्नु नै हाम्रो कर्तव्य हो।यसरीनै स्थानीय सरकारको सच्चाईलाई सुदृढ गर्न सकिन्छ। म यो सभा मार्फत पुन आफू सच्चिने संकल्प दोहोराउन चाहान्छु। स्थानीय सरकारले गरेका सकारात्मक पहल कदमी, सुधार र परिवर्तनलाई आत्मसात नगरी आलोचना मात्र गर्ने चेतनाबाट पनि मुक्त हुन सबैमा अपिल गर्दछु। "अजिरकोट हाम्रो हो, यसको समृद्धिमा हाम्रो जीवन छ" भन्ने भावनाकासाथ पुनः म सबै जनप्रतिनिधि, कर्मचारी, स्थानीय समुदाय र सरोकारवालालाई अजिरकोट रूपान्तरणको साझा अभियानमा एकजुट हुन आग्रह गर्दछु। गाउँपालिका बोझ होईन समाधान हो भन्ने सच्चाई आत्मसात हुने गरी काम गर्न सबैमा अपिल गर्दछु।

नेपालको राजनीतिक परिवर्तन पछि पनि अजिरकोटका दुरदराजका अधिकांश भेगमा वसोवास गर्ने जनताको जीवनस्तर दुखदायी र कष्टकर नै रहिआएको छ । अजिरकोटमा विद्यमान बेरोजगारी समस्या, पूर्वाधार अभाव, सार्वजनिक शिक्षाको गुणस्तरमा ह्रास, बढ्दो बसाइसराई, निर्वाहमुखी कृषि प्रणाली, कम उत्पादकत्व र बाँझा जमिनहरू, प्रशासनिक अराजकता र भ्रष्टाचार, स्वास्थ्य सेवामा सिमितता, जलवायु संकट र युवाशक्तिको पलायन लगायतका समस्याहरूलाई कम गर्दै, घटाउँदै, पन्छाउँदै नेपालको संविधानले प्रदत्त गरेका मौलिक हक अधिकारलाई कागजमा मात्र पाठ्य सामग्रीका रूपमा सिमित रहने परम्परालाई भत्काउँदै जीवन व्यवहारमा सार्थक रूपान्तरण सम्भव तुल्याउन नवीन पहलकदमी सहित समग्र अजिरकोटको विकास गर्न यो नीति र कार्यक्रम गत बर्षका सान्दर्भिक तथा उपयुक्त बिषयहरूलाई निरन्तरता दिदै यहाँहरूका बीचमा प्रस्तुत गरेको छु । सबै खाले सिमान्तकृत वर्ग र समुदायको उत्थानका साथै समाजमा विद्यमान विभेदहरूको अन्त्य गर्दै नेपालको संविधानले व्यवस्था गरे अनुरूप स्थानीय तहको अधिकारलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न संघीय संरचना अनुसार साधन स्रोत र कार्यकारी अधिकारलाई अजिरकोटवासी जनताको जीवनमा आमूल रूपान्तरण गराइ समृद्धि र खुसी ल्याउन प्रयोग गर्ने संकल्प सहित “कृषि,पर्यटन,उर्जामा जोड, समृद्ध, सुखी हाम्रो अजिरकोट” को लक्ष्य हाँसिल गर्न “हाम्रो अजिरकोट राम्रो अजिरकोट” भन्ने नीति तथा कार्यक्रमलाई निरन्तरता दिदै प्रस्तुत गरेको छु।

यो सरकारले संघीयताको कार्यान्वयनका क्रममा देखा परेका विभिन्न चुनौती, सीमित स्रोत-साधन तथा संक्रमणकालीन जटिलताहरूका बीच विगत चार वर्षमा विकास, सुशासन र सेवा प्रवाहका क्षेत्रमा  गरेका महत्वपुर्ण उपलब्धिहरूलाई लिपिबद्ध गर्न कोशिस गरेको छु।

सभाका सदस्यहरु

अव म विगत बर्षका नीति कार्यक्रम कार्यान्वयनको संक्षिप्त प्रगति प्रस्तुत गर्दछु

१. भच्चेक-सिरानडाँडा-दोबाटो-नागेपोखरी-तपिमाडी-सिरानखोला हुँदै नारदपोखरी तथा दुधपोखरी ट्रेकिङ मार्गलाई बुद्ध हिमाल-हिमालचुली ग्रेट लेक सर्किट ट्रेलसँग जोड्ने उद्देश्यका साथ पदमार्ग निर्माण , साइनेज, विश्रामस्थल (पोर्टर हाउस), खानेपानी तथा फोहोरमैला व्यवस्थापनलगायतका पर्यटन पूर्वाधार निर्माण गरेको छ।

२. सिरानखोला मुहान स्रोतबाट गाउँपालिकाका पाँचवटै वडाका नागरिकलाई सुरक्षित तथा पर्याप्त खानेपानी उपलब्ध गराउने उद्देश्यले अजिरकोट बृहत् खानेपानी आयोजना कार्यान्वयन प्रक्रियालाई अगाडि बढाइएको छ।

३. स्याउ, ट्राउट माछा, किवी, आलु, कफी र अलैंचीजस्ता उच्च मूल्यका कृषि उत्पादनको बृहत परियोजना कार्यान्वयन गरी कृषि उत्पादनमा वृद्धि गरी, रोजगारी सिर्जना तथा अजिरकोटको विशिष्ट पहिचान स्थापित गर्ने आधार निर्माण गरिएको छ।

४. भच्चेक आधारभूत अस्पतालमार्फत विशेषज्ञसहितको गुणस्तरीय स्वास्थ्य सेवा विस्तार गरी स्थानीय नागरिकलाई आफ्नै गाउँपालिकाबाट प्रभावकारी स्वास्थ्य सेवा उपलब्ध गराउने व्यवस्था सुदृढ गरिएको छ।

५. संघ, प्रदेश तथा गाउँपालिकाको स्रोतको प्रभावकारी समन्वयमार्फत सडक कालोपत्रे, बाह्रै महिना सञ्चालनयोग्य सडक स्तरोन्नति, पुल तथा अन्य पूर्वाधार निर्माणमा उल्लेखनीय प्रगति हासिल गरिएको छ।

६. शिक्षाको क्षेत्रमा शैक्षिक/प्रशासनिक सुधार तथा गुणस्तर अभिवृद्धिमार्फत जिल्लास्तरमा उत्कृष्ट स्थानीय तहहरूमध्ये तेस्रो स्थान हासिल गर्न सफल भएको छ।

७. पारदर्शिता, जवाफदेहिता, सहभागिता तथा प्रभावकारी सेवा प्रवाहलाई संस्थागत गर्दै सुशासनको क्षेत्रमा अजिरकोट गाउँपालिकाको विशिष्ट पहिचान स्थापित गरिएको छ।

८. भच्चेक बसपार्क व्यवस्थापन सहित, भच्चेक, अजिरकोट डाँडा तथा सिरानडाँडा लगायतका पर्यटकीय क्षेत्रहरूको सौन्दर्यीकरण, हरियाली प्रवर्द्धन, सडक बत्ती तथा सीसीटीभी सुरक्षा प्रणाली विस्तार गरी पर्यटकमैत्री र सुरक्षित वातावरण निर्माण गरिएको छ।

सभाका सदस्यहरु

अब म आगामी आर्थिक बर्ष २०८३।८४ को विषय क्षेत्रगत नीति कार्यक्रम प्रस्तुत गर्दछु ।

## १. आर्थिक विकास

विकास निर्माणमा स्थानीय सिप र प्रविधिको प्रयोग गर्दै लगानी एवं प्राप्त उपलब्धीहरूलाई समन्यायिक वितरण मार्फत दिगो विकास, रोजगारी सिर्जना, उद्यमशिलता प्रवर्धन गर्दै समृद्ध अजिरकोट निर्माणको लागि दिगो आर्थिक वृद्धि एवं नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास हाँसिल गर्ने सार्वजनिक, निजी र सहकारीको साझेदारीको नीति अवलम्बन गर्ने नीतिलाई यस आर्थिक बर्षमा पनि निरन्तरता दिइने छ। सम्प्रभूता ग्राम स्थापना गरी कार्यान्वयन गर्ने सार्वजनिक, निजी र साझेदारीमा उत्पादन, संकलन, बितरण (बजार व्यबस्थापन तथा आयात र निर्यात) मा आवश्यक व्यबस्थापन मिलाइ आर्थिक स्तरोन्नतिमा जोड गरिने छ।

### क) कृषि तथा पशुपँक्षी विकास

१. **"हाम्रो जात, हाम्रो गौरव"** अभियान सञ्चालन गरी स्थानीय तथा रैथाने बाली र पशुपन्छीका जातहरूको संरक्षण, संवर्द्धन, तथा व्यावसायीकरणमा जोड दिइनेछ।

२. कृषि उत्पादन वृद्धि, भण्डारण तथा बजारीकरणलाई सुदृढ बनाउन कृषि उपज संकलन केन्द्र, कृषि एम्बुलेन्स सेवा तथा गाउँपालिका स्तरमा कृषि तथा पशुपन्छी हाटबजार सञ्चालन गरिनेछ। साथै, कृषि तथा पशुजन्य उत्पादनको प्रवर्द्धनका लागि मेला, महोत्सव तथा प्रदर्शनी आयोजना गरिनेछ।

३. वडागत उत्पादन क्षमता, हावापानी र भौगोलिक विशेषताका आधारमा विशेष बाली विकास कार्यक्रम सञ्चालन गरिनेछ। आलु, फापर, कोदो, दलहन, तरकारी लगायत स्थानीय अनुकूल तथा उच्च सम्भावना भएका बालीहरूको उत्पादन र व्यावसायीकरणलाई प्राथमिकता दिइनेछ।

४. खेतीयोग्य बाँझो जमिनको अभिलेख तयार गरी 'बाँझो जमिन उपयोग कार्यक्रम" सञ्चालन गरिनेछ। लागत साझेदारीमा गह्रा सुधार, सामूहिक खेती तथा उत्पादनमुखी कृषि कार्यक्रम सञ्चालन गर्दै बाँझो जमिनको उपयोगलाई प्रोत्साहन गरिनेछ।

५. कफी, स्याउ, अलैंची, अदुवा, चिया, किवी, एभोकाडो लगायत उच्च मूल्यका नगदे बालीहरूको जोन निर्धारण (जोनिङ) गरी उत्पादन, प्रशोधन तथा बजारीकरणमा जोड दिइनेछ।

६. माटो परीक्षण तथा माटो सुधार कार्यक्रम सञ्चालन गरी आवश्यक कृषि चुन तथा प्राविधिक सेवाको व्यवस्था गरिनेछ। साथै, **"स्वस्थ माटो, स्वस्थ बाली"** अभियानमार्फत प्राङ्गारिक तथा वातावरणमैत्री खेती प्रणालीलाई प्रवर्द्धन गरिनेछ।

७. व्यावसायिक कृषि तथा पशुपालन फर्महरूको दर्ता, स्तरोन्नति, सशक्तीकरण तथा आधुनिकीकरणलाई प्रोत्साहन गरिनेछ।

८. उत्पादनमा आधारित अनुदान कार्यक्रम अन्तरगत व्यावसायिक कृषकलाई अनुदानको वर्गिकरण गरि पारदर्शी तरिकाले अनुदानको वितरण गर्न अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाईनेछ।

९. कृषकहरूको क्षमता अभिवृद्धिका लागि "**एक घर, एक प्रशिक्षित कृषक"** अभियान सञ्चालन गरी कृषि तथा पशुपालनसम्बन्धी तालिम, आधुनिक प्रविधि हस्तान्तरण, अध्ययन अवलोकन भ्रमण तथा युवा लक्षित उद्यमशीलता कार्यक्रम सञ्चालन गरिनेछ।

१०. कृषि उत्पादनको लागत न्यूनीकरण तथा उत्पादकत्व वृद्धि गर्न कृषि यान्त्रिकीकरणलाई प्रोत्साहन गरिनेछ। साथै, पाइपलाइन, प्लास्टिक पोखरी, पानी ट्याङ्की लगायत साना सिँचाइ पूर्वाधारको विस्तार गरिनेछ।

११. आलु, खुर्सानी, बेसार, अदुवा, हरियो तरकारी लगायत स्थानीय कृषि उपजमा आत्मनिर्भरताको नीति अवलम्बन गरिनेछ। किसानको उत्पादनको मूल्य निर्धारण, भण्डारण, प्याकिङ र बजार व्यवस्थापनको सुनिश्चितता गरिँदै आयात-आधारित नीतिलाई कडाइका साथ निरुत्साहित गरिनेछ। स्थानीय उत्पादनलाई प्याकिङ गरी ठूला बजारमा निर्यात गर्ने प्रणाली विकास गरिनेछ।

१२. व्यावसायिक पशुपालन प्रवर्द्धनका लागि गोठ तथा खोर सुधार, उन्नत नस्ल विस्तार, कृत्रिम गर्भाधान सेवा, उत्पादनमा आधारित प्रोत्साहन तथा दुग्ध व्यवसाय विकास कार्यक्रम सञ्चालन गरिनेछ।

१३. निजी, समूह तथा सहकारीमार्फत सञ्चालित पशुपन्छी तथा मत्स्य फार्महरूको स्थापना र स्तरोन्नतिमा लागत साझेदारीका आधारमा सहयोग प्रदान गरिनेछ।

१४. पशुपन्छी स्वास्थ्य सुरक्षालाई सुदृढ बनाउन रोग निदान, उपचार, प्रयोगशाला सेवा, स्वास्थ्य शिविर तथा नियमित खोप कार्यक्रम सञ्चालन गरिनेछ। रेबिज लगायत जुनोटिक रोग नियन्त्रणका लागि सामुदायिक कुकुर बन्ध्याकरण तथा विद्यालय र समुदायमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

१५. परम्परागत कृषि तथा पशुपालनलाई आधुनिक, व्यवसायिक र उद्यममुखी बनाउँदै रोजगारी सिर्जना, आय वृद्धि र आत्मनिर्भर अर्थतन्त्र निर्माणमा जोड दिइनेछ। कृषि तथा पशुपालन कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि नियमित अनुगमन, मूल्याङ्कन तथा सुशासनको व्यवस्था गरिनेछ।

१६. पशुजन्य खाद्य पदार्थको गुणस्तर, स्वच्छता र खाद्य सुरक्षालाई सुनिश्चित गर्न गाउँपालिका क्षेत्रभित्र सञ्चालित मासु पसलहरूको नियमन, स्तरोन्नति तथा मापदण्डअनुसार सञ्चालन गर्ने व्यवस्था गरिनेछ।

१७. कृषकहरूको कृषि तथा पशुपालन सम्बन्धी समस्याको तत्काल समाधान गर्न “किसान कल सेन्टर” र “Quick Response Team” स्थापना गरिनेछ। प्रविधिमैत्री सेवा, प्राविधिक परामर्श र आपतकालीन सहयोग प्रणालीमार्फत किसानलाई सशक्तिकरण गरिनेछ।

१८. गाउँपालिका भित्र फलफूल र घाँसको स्रोत केन्द्र स्थापनाको लागि हाईटेक नर्सरी सञ्चालन गरिनेछ। साथै, खर्क र घुम्ती गोठ व्यवस्थापनमा आधारित पशुपालन प्रणालीलाई थप प्रभावकारी बनाउन प्रोत्साहन कार्यक्रमहरू सञ्चालन गरिनेछ।

**ख) रोजगार सिप तथा उद्यमशिलता विकास**

१. स्थानीय कोदोबाट उत्पादित परम्परागत पेय पदार्थको गुणस्तर मापदण्ड, ब्रान्डिङ तथा बजार प्रवर्द्धन गरिनेछ। बाह्य मदिराको व्यवस्थापनका लागि आवश्यक नीति तर्जुमा गरिनेछ। साथै, खुर्पानीमा आधारित जुस तथा वाइन उद्योग सञ्चालनको सम्भाव्यता अध्ययन गरिनेछ।

२. वनजन्य तथा स्थानीय उत्पादनहरू (जस्तै: पानीअमला, काफल, ऐँसेलु, चुत्रो, लालीगुँरास, गुन्द्रुक, मस्यौरा, न्युरो, टुसा आदि) को संकलन, प्रशोधन, ब्रान्डिङ, प्याकेजिङ तथा बजारीकरणलाई प्रवर्द्धन गर्दै वातावरणीय सन्तुलन कायम हुने गरी उद्योगसँग आबद्ध गरिनेछ।

३. हिमाली स्रोतबाट प्राप्त स्वच्छ खानेपानीको बोतलिङ तथा व्यावसायीकरणका लागि सम्भाव्यता अध्ययन, आवश्यक पूर्वाधार विकास र लगानी व्यवस्थापनका कार्यक्रमलाई निरन्तरता दिइनेछ।

४. बसाइँसराइका कारण गाउँबाट बाहिरिएका नागरिकलाई गाउँ फर्काई उत्पादन, उद्यम तथा लगानीमा आकर्षित गर्न प्रोत्साहनमूलक कार्यक्रम तथा सहुलियतका नीतिहरू अवलम्बन गरिनेछ।

५. डोको, नाम्लो, डालो, नाङ्लो, मान्द्रो, भकारी, राडी, बख्खु लगायत स्थानीय कच्चा पदार्थमा आधारित परम्परागत हस्तकला तथा घरेलु उद्योगको संरक्षण, उत्पादन, बजारीकरण र उद्यमी सम्मान कार्यक्रम सञ्चालन गरिनेछ।

६. उद्यम तथा उत्पादनशील क्षेत्रमा सहुलियतपूर्ण कर्जा प्रवाहका लागि बैंक तथा वित्तीय संस्थासँग समन्वय गरिनेछ। साथै, मिटरब्याज, चर्को ब्याजदर तथा अन्य शोषणमूलक वित्तीय अभ्यास नियन्त्रण गर्न आवश्यक पहल गरिनेछ।

७. गाउँपालिकाभित्र परम्परागत रूपमा सञ्चालन हुँदै आएका विभिन्न पेशा, कला तथा सीपहरू जस्तैः आरन, काठकला, ढुंगाकला, बुनाई, सिलाई, हस्तकला लगायतका सीपहरूको पहिचान, संरक्षण तथा औपचारिक मान्यताका लागि सीप परीक्षण तथा प्रमाणीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

८. श्रम संसार प्रणाली तथा रोजगार सूचना प्रणालीलाई व्यवस्थित गरी दक्ष जनशक्ति, रोजगारदाता तथा रोजगारका अवसरबीच प्रभावकारी समन्वय गरिनेछ।

९. सार्वजनिक निर्माण तथा विकास आयोजनाहरूमा स्थानीय श्रमिकलाई प्राथमिकता दिई "स्थानीय श्रम, स्थानीय रोजगारी" अवधारणालाई कार्यान्वयन गरिनेछ।

१०. श्रम, रोजगार तथा उद्यमशीलता विकास कार्यक्रमलाई प्रभावकारी बनाउन निजी क्षेत्र, सहकारी संस्था, वित्तीय संस्था तथा अन्य सरोकारवाला निकायसँग सहकार्य र साझेदारीलाई सुदृढ गरिनेछ।

११. वैदेशिक रोजगारीमा जान इच्छुक युवाहरूलाई सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सूचना, अभिमुखीकरण तथा सीपमूलक तालिम उपलब्ध गराइनेछ, श्रम स्वीकृति, पुनः स्वीकृति र सूचिकीकरणलाई सहज र व्यवस्थित बनाइनेछ। फर्किएका व्यक्तिहरूलाई वित्तीय साक्षरता, मनोसामाजिक परामर्श र सीप परीक्षणमार्फत उद्यमशीलता प्रवर्द्धनमा जोड दिइनेछ साथै वैदेशिक रोजगार सम्बन्धी सम्पूर्ण सहायता तथा कल्याणकारी सेवा रोजगार सेवा केन्द्रमार्फत सहजीकरण गरिनेछ।

१२. रोजगारी सिर्जना, सीप विकास तथा उद्यमशीलता प्रवर्द्धन सम्बन्धी सेवा प्रवाहलाई एकिकृत गर्न र रोजगार सेवा केन्द्रलाई आन्तरिकिकरण गर्दै " रोजगार, सिप तथा उद्यमशीलता केन्द्रको रुपमा रुपान्तरण गरिनेछ।

**ग) पर्यटन विकास**

१. अजिरकोटलाई **ग्रामीण इको-कल्चरल** पर्यटन गन्तव्यका रूपमा विकास गर्न संघ, प्रदेश, निजी क्षेत्र तथा अन्य सरोकारवालासँग समन्वय, सहकार्य र सहलगानीलाई प्राथमिकता दिइनेछ।

२. धार्मिक, सांस्कृतिक, पुरातात्विक तथा प्राकृतिक महत्वका पर्यटकीय क्षेत्रहरूको अध्ययन, संरक्षण, पूर्वाधार विकास तथा एकीकृत पर्यटन प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

३. नागेपोखरी-दुधपोखरी-नारदपोखरी, भच्चेक-सिरानडाँडा-घ्याच्चोक-बारपाक तथा बुद्ध हिमाल, हिमालचुली ग्रेट लेक सर्किट सम्मको पर्यटकिय पदमार्गहरूको निर्माण, स्तरोन्नति तथा आवश्यक पूर्वाधार निर्माण तथा साइनेज राख्ने कार्यलाई निरन्तरता दिइनेछ।

४. वलाङ, खिम्पु तथा मुलखर्कमा सञ्चालनमा रहेको ट्राउट माछा पालन व्यवसाय र मुलखर्क तथा नब्लो क्षेत्रमा विस्तार हुँदै आएको स्याउ खेतीलाई थप प्रवर्द्धन गर्दै यी क्षेत्रहरूलाई कृषि उत्पादन, पर्यटन र स्थानीय रोजगारीसँग आबद्ध कृषि-पर्यटन (Agri-tourism) का आकर्षक गन्तव्यका रूपमा विकास गरिनेछ।

५. भच्चेक थानी पार्क, अजिरकोट मन्दिर, हात्तीसुँढे गुफा, चामे छहरा, लगायतका पर्यटकीय स्थलहरूको संरक्षण, विकास तथा प्रवर्द्धनका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

६. "एक वडा, एक नमुना होमस्टे" कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै होमस्टे तथा गोठ होमस्टे को विस्तार, स्तरोन्नति र व्यवसायीकरण गरिनेछ।

७. पर्यटनसँग आबद्ध कृषि, पशुपालन, चिया खेती, स्थानीय उद्योग तथा अन्य उद्यमहरूको विकास गरी स्थानीय युवालाई रोजगारी र उद्यमशीलतामा आकर्षित गर्ने लगानीमैत्री वातावरण निर्माण गरिनेछ।
८. दोबाटे, नागेपोखरी, तपि, ङार्कुडाँडा लगायतका पर्यटकीय क्षेत्रहरूमा निजी तथा सार्वजनिक-निजी साझेदारी (PPP) मार्फत Eco- friendly cottage को स्थापना तथा अन्य पर्यटकीय क्रियाकलाप संचालनमा प्रोत्साहन गरिनेछ।
९. गुरुङ, तामाङ लगायत विभिन्न जातजातिका मौलिक कला, संस्कृति, भेषभूषा, परम्परा तथा स्थानीय खानाको संरक्षण, प्रवर्द्धन र प्रचारप्रसारका लागि "स्थानीय संस्कृति तथा खाना महोत्सव" सञ्चालन गरिनेछ।

**घ) सहकारी बिकास**

१. मानवीय स्रोतको पूर्ण परिचालन सहकारीको माध्यमबाट संभव छ  त्यसैले एक घर एक सदस्य एक सहकारी एक उत्पादनको नीतिलाई अगाडि बढाउने नमुना कार्य गर्ने सहकारी संस्थालाई प्रोत्साहन तथा पुरुस्कृत गरिने छ ।एक सहकारी एक उत्पादनको नीतिलाई कडाईका साथ कार्यान्वयन गरिनेछ।
२. संचालनमा नआएका सहकारीलाई खारेजी, सानालाई एकीकरण र अन्य ठुलाको क्षमता विकासको नीति लिइने छ । सहकारी संस्थाहरुको क्षमता बढाउन पालिका स्तरीय सहकारी संस्था दर्ता गरी सञ्चालन एवम् व्यवस्थापनमा आवश्यक सहयोग गर्ने नीति बनाइनेछ।
३. सहकारीबाट ठगिएको जनताको पुँजिको संरक्षण गर्न सहकारी अनुगमनमा प्रभावकारीता लाईने छ। खराब कर्जा भएका सहकारी संचालक ऋणीलाई कारवाहीको नीति लिईनेछ।

## २. सामाजिक विकास

**क) शिक्षा**

१. सामुदायिक विद्यालय क्षेत्र सुधार कार्यक्रम सञ्चालन गरी विद्यालय एकीकरण, शिक्षक दरबन्दीको वैज्ञानिक समायोजन, योग्यता र ज्येष्ठताका आधारमा प्रधानाध्यापकको व्यवस्थापन लगायत शैक्षिक सुधारका नीतिहरूलाई निरन्तरता दिइनेछ। साथै स्थायी माध्यमिक दरबन्दी नभएका विद्यालयरहरुमा समेत शिक्षक दरबन्दी ( मिलान तथा व्यवस्थापन) कार्यविधि तयार गरी सम्पर्ण माध्यमिक विद्यालयमा स्थायी  दरवन्दी पुऱ्याउने लक्ष्य लिईनेछ।

२. भच्चेक माध्यमिक विद्यालयलाई गाउँपालिकास्तरीय नमुना विद्यालयका रूपमा क्रमशः स्तरोन्नति गर्दै "एक वडा, एक आवासीय विद्यालय" नीतिलाई निरन्तरता दिइनेछ।

३. गाउँपालिकाभित्रका विद्यार्थीहरूको उच्च शिक्षामा पहुँच सुनिश्चित गर्न स्नातक तहसम्म अध्ययन हुने क्याम्पस स्थापना गर्ने पहललाई निरन्तरता दिइनेछ।

४. विद्यालयको गुणस्तर अभिवृद्धिका लागि अभिभावक सहभागिता, विद्यालय स्वमूल्याङ्कन, बालमैत्री सिकाइ वातावरण, सूचना प्रविधिमैत्री कक्षाकोठा, शिक्षक तथा कर्मचारी क्षमता विकास, विद्यालय नर्स तथा स्वास्थ्य फोकल पर्सन कार्यक्रम सञ्चालन गरिनेछ।

५. माध्यमिक तहसम्मको परीक्षा सञ्चालन प्रक्रियालाई थप व्यवस्थित, पारदर्शी र प्रभावकारी बनाइनेछ।

६. हरित विद्यालय कार्यक्रमलाई प्रोत्साहन दिइनेछ।

७. "**पढ्दै कमाउँदै**" अभियानअन्तर्गत विद्यार्थीहरूलाई कृषि सम्बन्धी सैद्धान्तिक तथा व्यावहारिक ज्ञान प्रदान गर्दै विभिन्न कृषि कार्यमा संलग्न गराई आयआर्जनसँग जोडिने नीति अवलम्बन गरिनेछ।

८. "**सफा विद्यालय, स्वच्छ घर : निरोगी बनौँ जीवनभर**" अभियान सञ्चालन गर्दै फोहोरमैला व्यवस्थापन तथा सरसफाइ कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

९. प्रत्येक विद्यालयमा योग शिक्षा मार्फत स्वस्थ जीवनशैली प्रवर्द्धन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।

१०. विपन्न, दलित तथा अभिभावकविहीन विद्यार्थीहरूका लागि पोशाक, दिवा खाजा, शैक्षिक सामग्री तथा स्वास्थ्यसम्बन्धी सहयोग कार्यक्रम सञ्चालन गरिनेछ।

११. एस.ई.ई. परीक्षालाई व्यवस्थित, र गुणस्तरीय बनाई उत्कृष्ट नतिजा हासिल गर्न आवश्यक व्यवस्था मिलाइनेछ।

१२. प्रत्येक विद्यालयमा "**सृजनशील शुक्रबार**" कार्यक्रम लागू गरी विद्यार्थीहरूको सिर्जनशीलता, नेतृत्व क्षमता तथा समग्र व्यक्तित्व विकासमा टेवा पुर्‍याइनेछ।

१३. कक्षा १ देखि ३ सम्मको भाषा सिकाइ कार्यक्रमलाई क्षेत्र विस्तारसहित निरन्तरता दिइनेछ।

१४. आधारभूत तथा माध्यमिक तहको परीक्षामा उत्कृष्ट नतिजा हासिल गर्ने छात्र तथा छात्रालाई प्रोत्साहन गर्ने नीतिलाई निरन्तरता दिइनेछ। साथै, एस.ई.ई. परीक्षामा सर्वोत्कृष्ट हुने छात्र तथा छात्रालाई उच्च शिक्षा अध्ययनका लागि शैक्षिक शुल्कको एक तिहाइ रकम छात्रवृत्तिस्वरूप उपलब्ध गराइनेछ।

१५. कक्षा ६ देखि ८ सम्मको स्थानीय पाठ्यक्रम निर्माण कार्य संचालन गरिनेछ।

१६. विद्यालयबाहिर रहेका सबै बालबालिकालाई विद्यालयमा अनिवार्य रूपमा भर्ना गरी अनिवार्य तथा निःशुल्क शिक्षाको प्रभावकारी कार्यान्वयन गरिनेछ।

१७. विपन्न तथा पछाडि परेका वर्ग, लिङ्ग र समुदायका बालबालिकाको शिक्षामा पहुँच विस्तार गर्न "झिकाउ, टिकाउ र बिकाउ" नीति अवलम्बन गर्दै दिवा खाजा, छात्रवृत्ति, पोशाक लगायत विशेष प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिइनेछ। साथै, बालिका शिक्षालाई प्रोत्साहन गर्न महिलामैत्री शौचालय तथा स्यानिटरी प्याडको उपलब्धता सुनिश्चित गरिनेछ।

१८. सामुदायिक विद्यालयप्रति विद्यार्थी तथा अभिभावकको आकर्षण वृद्धि गर्न कक्षाकोठा केन्द्रित शैक्षिक क्रियाकलाप, प्रविधिमैत्री शिक्षण-सिकाइ तथा शिक्षक क्षमता विकाससम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

१९. स्थानीय स्रोतसाधनको उपयोग गरी शैक्षिक सामग्रीको निर्माण, प्रयोग तथा विस्तारलाई प्रभावकारी बनाइनेछ।

२०. विद्यालयबाहिर रहेका माध्यमिक शिक्षा उमेर समूह (१४ देखि १८ वर्ष) का बालबालिकालाई व्यावसायिक सीप विकाससम्बन्धी तालिम सञ्चालन गरिनेछ।

२१. शिक्षकहरूको क्षमता विकासका लागि समयसापेक्ष तालिमको व्यवस्था गरिनेछ। साथै, विश्वविद्यालय तथा सम्बन्धित संघ-संस्थासँग सहकार्य गरी स्थानीय शैक्षिक समस्याको पहिचान तथा समाधानका लागि कार्यमूलक अनुसन्धानलाई प्रोत्साहन गरिनेछ।

२२. प्रारम्भिक बाल विकास केन्द्रमा कार्यरत सहजकर्ताहरूको पेशागत हक-अधिकार तथा क्षमता विकास गर्न आवश्यक नीतिगत व्यवस्था गरिनेछ।

२३. बिद्यालयमा कार्यरत श्रेणीविहिन कर्मचारीहरुको वृत्तिविकास, सेवा सुबिधा र सम्मानजनक विदाइबारे ठोस नीति बनाई कार्यान्वयनमा ल्याइनेछ।

२४. अभिभावकविहीन बालबालिकाको अभिभावकत्व ग्रहण गरी उनीहरूको शिक्षामा पहुँच सुनिश्चित गर्दै समावेशी तथा मानवअधिकारमैत्री शिक्षालाई प्रवर्द्धन गरिनेछ।

२५. अन्तरविद्यालय शिक्षक तथा विद्यार्थीबीच असल अभ्यास र अनुभव आदानप्रदान कार्यक्रम सञ्चालन गरिनेछ। सिकाइलाई प्रभावकारी बनाउन हस्तलेखन लगायत सिर्जनात्मक अभ्यासलाई निरन्तरता दिइनेछ।

२६. शैक्षिक चुनौतीहरूको समाधानका लागि शैक्षिक चुनौती कोषलाई सुदृढ बनाइनेछ। सम्पूर्ण विद्यालयमा सूचना प्रविधि (ICT), विज्ञान प्रयोगशाला तथा आधुनिक शिक्षण विधि र प्रविधिको पहुँच सुनिश्चित गरिनेछ। साथै, गाउँपालिकाको शिक्षा विकास योजना प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

२७. विद्यार्थीहरूको शैक्षिक उपलब्धि अभिवृद्धि गर्न सबै विद्यालयमा बालमैत्री, सुरक्षित तथा समावेशी सिकाइ वातावरण विकास गरिनेछ।

**ख) स्वास्थ्य**

१. महामारीजन्य रोगहरूको रोकथाम, नियन्त्रण तथा उपचारलाई प्रभावकारी बनाउन आवश्यक पूर्वतयारी, स्रोत-साधन व्यवस्थापनको लागि संघ, प्रदेश सरकारसंग समन्वय र सहकार्यलाई सुदृढ गरिनेछ।

२. बर्थिङ्ग सेन्टरलाई स्तरीकरण गर्दै गर्भवती आमालाई निःशुल्क अल्ट्रासाउण्ड तथा गर्भ परीक्षण लाई निरन्तरता दिईनेछ।

३. पूर्ण खोप सुनिश्चितताका साथै दिगोपना कायम गरिनेछ ।

४. स्वास्थ्य केन्द्रहरुको सेवा प्रवाहमा सुधार र स्तरीकरण गरिनेछ ।

५. बढ्दो आत्महत्या, मानसिक रोग, डिप्रशन तथा पारिवारिक विखण्डनका घटना न्यूनिकरणका लागि मनोसामाजिक परामर्श सेवालाई व्यवस्थित गर्न मनोसामाजिक तथा मानसिक स्वस्थ्य नीति तर्जुमा गरी लागू गरिनेछ ।

६. भच्चेक आधारभूत अस्पतालमा एम.डि.जि.पि. (MDGP) मार्फत प्रदान गरिने स्वास्थ्य सेवालाई थप प्रभावकारी, गुणस्तरीय तथा परिणाममुखी बनाइनेछ।"

८. भच्चेक आधारभूत अस्पतालमा अकुपञ्चर सेवा तथा नियमित योग शिविर सञ्चालनका लागि विशेष नीति अवलम्बन गरिनेछ।

९. भच्चेकमा हेल्थ क्लवको निर्माण गरिनेछ।

१०. समुदायस्तरमा खोप, सुरक्षित मातृत्व, प्रजनन स्वास्थ्य तथा पोषणसम्बन्धी आधारभूत स्वास्थ्य सेवाको गुणस्तरीय र प्रभावकारी प्रवाह सुनिश्चित गर्न महिला स्वास्थ्य स्वयंसेविकाहरूको शैक्षिक योग्यता, क्षमता विकास तथा तालिम व्यवस्थापनलाई सुदृढ बनाइनेछ।

११. सबै नागरिकलाई स्वास्थ्य बीमा कार्यक्रममा आवद्ध हुनको लागि प्रोत्साहित गरिनेछ। भच्चेक आधारभूत अस्पतालमार्फत बीमा सेवालाई थप प्रभावकारी र पहुँचयोग्य बनाइनेछ।

१२. सुनौलो हजार दिनका आमालाई पोषणको अभाव हुन नदिन पोषण सामग्री सहितको माइतीको पोसिलो कोशेली कार्यक्रमलाई थप विशेषता एवं प्रभावकारिताका साथ निरन्तरता दिइने छ । पाठेघरको क्यान्सर, स्तन क्यान्सर र आङ खस्ने समस्याको लागि स्वास्थ्य परिक्षणको सेवा उपलब्ध गराउन अर्धवार्षिक रूपमा शिविर सञ्चालन गरिनेछ।

१३. सुरक्षित मातृत्व, नियमित खोप, प्रजनन स्वास्थ्य तथा मातृ-शिशु सुरक्षासम्बन्धी राष्ट्रिय लक्ष्यहरू प्राप्त गर्न आवश्यक कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

१४. किशोर-किशोरीहरूलाई राष्ट्र निर्माणको आधार मानेर विद्‌यालय स्वास्थ्य शिक्षा, स्वस्थ जीवनशैली, पोषण, महिनावारी सरसफाइ, यौन र प्रजनन स्वास्थ्यसम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ। किशोरमैत्री स्वास्थ्य सेवाको पहुँच विस्तार गरिनेछ।

१५. पूर्ण अशक्त अपाङ्गता भएका व्यक्ति, ८० वर्ष माथिका ज्येष्ठ नागरिकहरू र सहिद परिवारका सदस्यहरूलाई भच्चेक अस्पतालसम्म निःशुल्क एम्बुलेन्स सेवा निरन्तर उपलब्ध गराइनेछ। साथै,

नसर्ने रोग, अपाङ्गता, ज्येष्ठ नागरिक तथा विपन्न वर्गका लागि घुम्ती शिविरमार्फत निःशुल्क स्वास्थ्य परीक्षण तथा औषधि वितरण गरिनेछ।

१६. स्वास्थ्य सेवा प्रणालीलाई थप प्रभावकारी बनाउन E-HMIS प्रणालीलाई व्यवस्थित र आधुनिक बनाइनेछ।

१७. एच.आई.भी., कुष्ठरोगजस्ता दीर्घकालीन उपचार आवश्यक रोगहरूमा सहयोग प्रदान गरिनेछ।

१८. पुर्ण संस्थागत सुत्केरी तथा पोषणमैत्री गाउँपालिका घोषणाको लागि आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ।

१९. विभिन्न रोगहरूको निःशुल्क तथा सहुलियतपूर्ण उपचार सेवा उपलब्ध गराउन विभिन्न अस्पताल तथा स्वास्थ्य संस्थासँग समन्वय र सहकार्य गरी आवश्यक कार्यक्रम तथा कार्ययोजना सञ्चालन गरिनेछ।

**ग) खानेपानी तथा सरसफाई**

१. खानेपानीका स्रोतहरूको संरक्षण गरी सबै नागरिकलाई पिउन योग्य पानीको पहुँच सुनिश्चित गरिनेछ।

२. गाउँपालिकको Wash Plan लाई प्रभावकारी कार्यान्वयन गरिनेछ।

३. सबै बाटो, वस्तीहरु, खोलानालाहरु, पार्क तथा खुल्ला स्थानहरुको सरसफाई गरी हरियाली बनाइनेछ।

४. अजिरकोट बृहत खानेपानी योजना लाई प्रभावकारी गुणस्तरीय योजनाको रुपमा अगाडि बढाउन गाँउपालिकाले आवश्यक पहलकदमी लिईनेछ।

५. गाउँपालिका भित्र रहेका बजार क्षेत्रहरुको फोहोर व्यवस्थापनको लागि ल्यान्ड फिल्ड साइडको निर्माण गरिनेछ।साथै सरसफाई तथा फोहोरमौला व्यवस्थापन सम्बन्धी सचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ।

**घ) महिला,बालिका, जेष्ठ नागरिक तथा दलित समुदाय, अपाङ्गता भएका ब्यक्ति तथा समाज कल्याण**

१. महिलाहरूलाई स्थानीय रोजगारी, उद्यमशीलता तथा आत्मनिर्भरता हासिल गर्न आवश्यक सीप विकास तालिम उपकरण तथा बीउ पुँजी सहयोग प्रदान गरिनेछ।

२. "**विकासमा महिला, सम्वृद्धिमा पहिला**" भन्ने नाराका साथ विकास निर्माण कार्यहरूमा महिलाको सहभागिता र नेतृत्व वृद्धि गरिनेछ। वडा-स्तरीय उपभोक्ता समितिबाट सञ्चालन हुने योजनाहरूमा कम्तीमा एक तिहाइ योजना महिला नेतृत्वमा सञ्चालन गरिनेछ।

३. महिलाविरुद्धका कुरिती, भेदभाव र हिंसाको अन्त्यका लागि सामाजिक जागरण, सशक्तिकरण तथा महिला शिक्षामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ। लैङ्गिक उत्तरदायी बजेट, कार्यक्रम र लैससास परीक्षण प्रणालीलाई निरन्तरता दिइनेछ।

४. गाउँपालिकाका बाँकी वडालाई बालमैत्री वडा घोषणा गर्दै समग्र गाउँपालिकालाई बालमैत्री पालिका घोषणा गरि बालमैत्री शासनको पूर्ण पालना गरिनेछ। बाल हिंसा, दुर्व्यवहार र बालश्रम विरुद्ध सचेतना अभियान सञ्चालन गरिनेछ र बालमैत्री निर्णय प्रक्रियामा बालबालिकाको सहभागिता सुनिश्चित गरिनेछ।

५. बाल सञ्जाल तथा बाल क्लबहरूको क्षमता विकास गरी उनीहरूलाई अतिरिक्त क्रियाकलापमा सक्रिय सहभागिता गराइनेछ।

७. अनुभवको ज्ञाताका रूपमा रहेका ज्येष्ठ नागरिकहरूको मनोबल उच्च राख्न "ज्येष्ठ नागरिक सम्मान कार्यक्रम" र "ज्येष्ठ नागरिक मिलन केन्द्र" स्थापना तथा विस्तार कार्यक्रमलाई निरन्तरता दिइनेछ। साथै गाउँपालिकास्तरको वृद्धा आश्रम निर्माण वारे आवश्यक नीति लिइनेछ।

८. अपाङ्गता भएका व्यक्तिहरूलाई आवश्यक सहायक उपकरण (जस्तै: व्हीलचेयर, कृत्रिम अंग, श्रवण यन्त्र) उपलब्ध गराइनेछ। अपाङ्गता भएका व्यक्तिहरुलाई सीप विकास तालिम, अनुदान, तथा **"दया होइन, अधिकार"** भन्ने सन्देशसहित जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

९. दलित समुदायमा हुने हिंसा, विभेद तथा सामाजिक विकृतिहरू न्यूनीकरण गर्न नमूना दलित बस्ती निर्माण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१० दलित समुदायमा "बिहानी कक्षा" तथा अभिभावक सचेतना कार्यक्रममार्फत दलित बालबालिकाको शिक्षामा गुणात्मक सुधार गरिनेछ।

१०. दलित युवाहरूलाई लक्षित गरी परम्परागत पेशाको आधुनिकीकरण, सीप विकास तालिम, सिप परिक्षण माध्यमबाट "**एक दलित, एक व्यवसाय**" अभियान सशक्त ढंगले कार्यान्वयन गरिनेछ।

११. ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र दलित समुदायका हक, अधिकार तथा अवसरलाई स्थानीय शासनका सबै तहमा मुलप्रवाहमा ल्याइनेछ।

१२. अपाङ्गता भएका व्यक्तिहरूको अधिकार र सेवामा सहज पहुँच सुनिश्चित गर्न सिफारिसलगायतका आवश्यक सेवा-सुविधाहरू निःशुल्क उपलब्ध गराउने नीति अवलम्बन गरिनेछ।

१३. सहिद र बेपत्ता परिवार लक्षित राहत एवं पुनस्थापनाका कार्यक्रमहरू सञ्चालनमा निरन्तरता दिईनेछ।

१४. सामाजिक सुरक्षाको दायरा विस्तार गर्दै गाउँपालिका स्तरमा सामाजिक कल्याण कोष स्थापना गरिनेछ। उक्त कोषमार्फत आवश्यकता अनुसार विपन्न, अपाङ्गता, एकल महिला, ज्येष्ठ नागरिक, दु:खी तथा संकटमा परेका व्यक्तिहरूलाई सहायतामूलक सेवा तथा आर्थिक सहयोग प्रदान गरिनेछ।

**ङ) सामाजिक,साँस्कृतिक भाषा, साहित्य, कला तथा सम्पदा**

१. स्थानीयस्तरका कला, साहित्य तथा सांस्कृतिक सम्मेलन, मातृभाषा सिकाइ गोष्ठी, रैथाने मेला तथा विविध सांस्कृतिक गतिविधिहरू सञ्चालन गरिनेछ।

२. स्थानीय भेषभूषा, रीतिरिवाज र मौलिक संस्कृतिको पहिचान झल्काउने गाउँपालिकास्तरीय संग्रहालय निर्माण कार्यलाई निरन्तर रुपमा अगाडी बढाइनेछ।

३. शहिद तथा जनआन्दोलनका योगदानलाई सम्झना गर्न शहिद पार्क, स्तम्भ तथा स्मृति स्थलहरू निर्माण गरिनेछ। जनयुद्ध लगायत ऐतिहासिक विरासतको संरक्षण र प्रचार प्रसार गरी नयाँ पुस्तामा राष्ट्रिय चेतना र गौरव अभिवृद्धि गरिनेछ।

**च) युवा, खेलकुद तथा नवप्रवर्धन**

१. गाउँपालिकाभित्रका युवा जनशक्तिहरूलाई खेलकुद प्रति आकर्षण गराउन विभिन्न खेलकुदका कार्यक्रमहरू सञ्चालन गरिने छ र सोका लागी युवाक्लबहरूलाई प्रोत्साहन गर्ने कार्यक्रम बनाइ लागु गरिने छ । उत्कृष्ट खेलाडी तथा खेल टिमलाई खेलकूदमार्फत गाउँपालिकाको पहिचान बनाउन जिल्ला, प्रदेश र राष्ट्रिय स्तरका खेलकुद प्रतियोगितामा छनौट हुन प्रोत्साहन गरिनेछ।

२. युवा, महिला कर्मचारी, शिक्षक, शिक्षिका तथा जनप्रतिनिधिलाई खेलमा सहभागी गराई स्वस्थ्य, मनोरञ्जन र खेलमैत्री गाउँपालिकको नीति अबलम्बन गरिनेछ।

४. एक वडा एक वडा स्तरीय खेल मैदानका साथै गाउँपालिका स्तरीय उच्च प्रविधि सहितको खेलमैदानको निर्माण कार्यलाई निरन्तर अगाडि बढाइने छ।

५. कम्प्युटर, ड्राइभिङ, प्लम्बिङ, मोबाइल रिपेयरिङ, इलेक्ट्रिसियन लगायतका सीपमुलक तालिम तथा युवाहरूलाई स्वरोजगारको सिर्जना गर्न आवश्यक कार्यक्रमहरू लागु गरिनेछ ।

## ३) पूर्वाधार विकास

१. यातायात, कृषि, खानेपानी, सिँचाइ लगायतका विषयगत क्षेत्रहरूको गुरुयोजना (Master Plan) तयार कार्यक्रमहरू सञ्चालन गरिनेछ। गाउँपालिकाको पूर्वाधार विकासका प्राथमिकताप्राप्त आयोजनाहरूको विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरी कार्यान्वयनका लागि संघ तथा प्रदेश सरकारसमक्ष प्रस्ताव पेश गरिनेछ।

२. वस्ती/ वडा/ गाउँपालिका स्तरबाट पहिचान एवं प्राथमिकिकरण भएका आयोजना तथा दोस्रो पञ्चवर्षीय योजनाबाट औंल्याइएका आयोजनाहरू समावेश गरी गाउँपालिकास्तरीय आयोजना बैंक स्थापना मार्फत क्रमशः कार्यान्वयनमा ल्याइने छ।

३. भौतिक संरचनामा दिगो सुरक्षा र राजश्व संकलनलाई समेत टेवा पुग्ने गरी भवन संहिता तथा मापदण्ड तयार गरी घरनक्सापास लाई व्यवस्थित गरिने छ ।घर र भवनको अभिलेखिकरणको कार्यलाई थप तिब्रता दिने नीति लिईनेछ।

४. गाउँपालिका क्षेत्रका सानातिना सडकहरू मर्मत सम्भार तथा स्तरोन्नतिका लागि मर्मत-सम्भार कोष मार्फत् सडक मर्मत सम्भार र स्तरोन्नती गर्ने कार्यलाई उपभोक्ता साझेदारीमा सञ्चालन गर्ने नीति अवलम्बन गरिने छ । असार देखि असोज महिना सम्म सडक संरक्षण गर्न सडक हेरालुको व्यवस्थान गर्न आवश्यक व्यवस्था मिलाईनेछ।

६. स्थानीय स्रोतसाधन, सीपको प्रयोगबाट सञ्चालन हुने आयोजना, स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने आयोजना र उपभोक्ताको लागत साझेदारी हुने योजनालाई प्राथमिकता दिइने छ । दीगो विकासको लक्ष्य प्राप्तिका लागि जनसहभागितामा आधारित आयोजना तर्जुमा गरी कार्यान्वयन गरिने छ । विद्यालय, सामुदायिक भवन तथा सरकारी भवनहरू निर्माण गर्दा मानवमैत्री, बालमैत्री, लैङ्गिकमैत्री र वातावरणमैत्री बनाउने नीति अवलम्बन गरिने छ।

७. अजिरकोट गाउँपालिकाद्धारा विनियोजित बजेट सदुपयोग गर्दै साना आयोजनाहरु उपभोक्ता समिति मार्फत सञ्चालन गरि स्थानीय रोजगारी सृजनालाई प्राथमिकता दिइनेछ। उपभोक्ता समितिका पदाधिकारीहरुलाई अभिमुखिकरण मार्फत योजना कार्यान्वयन सम्बन्धी क्षमता विकास गरिनेछ। साथै उपभोक्तामार्फत संचालन गरिने आयोजनामा कम्तिमा १०% जनसहभागीता सुनिश्चितता गरिनेछ।

८. पूर्वाधार विकास आयोजनाहरूको समयमै कार्यान्वयन सुनिश्चित गर्न पहिलो चौमासिकभित्र सम्झौता सम्पन्न गर्ने तथा फाल्गुन मसान्तभित्र भुक्तानी सम्पन्न गर्ने नीति अवलम्बन गरिनेछ।

९. टोल विकास संस्था तथा उपभोक्ता समिति मार्फत् निर्माण सम्पन्न भएका आयोजनाहरू नियमानुसार सम्बन्धित टोल विकास संस्था वा उपभोक्ता समितिलाई हस्तान्तरण गर्ने नीति अवलम्बन गरिनेछ। हस्तान्तरित योजनाको मर्मत सम्भारका लागि उपभोक्ता समितिलाई नै जिम्मेवार बनाइने छ।

१०. १५ लाख सम्म बजेट विनियोजन भएका आयोजनाहरू मात्र टोल विकास संस्था वा उपभोक्ता समिति मार्फत् सञ्चालन गरिनेछ ।उपभोक्ताहरूको दक्षता नभएको आयोजनाहरूलाई दक्ष निर्माण व्यवसायी छनौटको लागि ठेक्का आव्हान गरी सञ्चालन गरिनेछ।

११. संघीय र प्रदेश सरकारद्वारा यस गाउँपालिका क्षेत्रमा विनियोजित भएका आयोजनाहरू कार्यान्वयनमा आयोजना सर्वेको चरणदेखि नै गाउँपालिकासँग समन्वय गर्न अनुरोध गरिनेछ । कार्यान्वयन गर्ने निकायले गाउँपालिकालाई कार्य सुरु हुन पूर्व लागतईस्टिमेट र आयोजनाको कार्यसम्पन्न पश्चात् कार्यसम्पन्न प्रतिवेदन नवुझाएमा गाउँपालिकाले आयोजनाको अपनत्व लिन बाध्य हुनेछैन ।

१२. विकास भनेको रड र सिमेन्ट मात्र हो भन्ने मान्यतालाई निरुत्साहित गर्दै स्थानीय स्रोत साधन र कला संस्कृतिको जगेर्ना गर्दै विकास गर्ने नीतिलाई अगाडि बढाइने छ ।

१३. एक घर एक धारा, प्रत्येक घर विजुली पहुँच, प्रत्येक खेत सिंचाई सुविधा तथा वडास्तरिय प्रत्येक मुल बाटो बाह्रैमासे संचालन गर्नसकिने गरी नाला सहितको ग्राभेल नीति अवलम्बन गरिनेछ ।

१४. संघ समपूरक अनुदानमार्फत सञ्चालन हुने घ्याच्चोक-धनसिरा सडक तथा प्रदेश समपूरक अनुदानमार्फत सञ्चालन हुने मादले-कुसुण्डे सडक स्तरोन्नति आयोजनाको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक समन्वय तथा सहजीकरण गरिनेछ।

१५. संघ तथा प्रदेश सरकारको सहयोगमा सञ्चालन हुने ढोडेनी-सिम्जुङ-भच्चेक सडक तथा अधेरीखोला-केप्रुङ-वलाङ सडक आयोजनाको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक समन्वय, सहजीकरण तथा सहयोगको नीति अवलम्बन गरिनेछ।

१६. गाउँपालिकाको आयोजना अनुगमन प्रणालीलाई थप सुदृढ, व्यवस्थित र प्रभावकारी बनाइनेछ।

१७. स्थानीय आवश्यकता, वातावरणीय सन्तुलन र दिगोपनालाई मध्यनजर गर्दै हरियाली प्रवर्द्धन, सडक छेउ वृक्षारोपण, फोहोरमैला व्यवस्थापन तथा निर्माण सामग्रीको उचित व्यवस्थापन सहितको पूर्वाधार निर्माणमा जोड दिइनेछ। वातावरणमैत्री, उत्थानशील र दीर्घकालीन उपयोगमा उपयुक्त पूर्वाधार विकास गरिनेछ।

१८.अजिरकोट गाउँपालिका भित्र बसोवास गर्ने सुकुम्बासी, दलित सुकुम्बासी र अव्यवस्थित बसोबासीहरूलाई व्यावस्थापन गर्नको आवश्यक नीति तथा कार्यक्रमहरू प्रभावकारी रूपमा अगाडि बढाइनेछ।

१९. गाउँपालिकालाई भूमि प्रशासनसम्बन्धी कार्य सञ्चालन गर्ने स्वीकृति प्राप्त भएमा मालपोत तथा नापीसम्बन्धी सेवाहरू स्थानीय स्तरबाट प्रवाह गर्न आवश्यक पूर्वाधार, जनशक्ति तथा अन्य व्यवस्थापकीय तयारीको लागि बजेट व्यवस्थापन गरिनेछ।

## ४) वन, वातावरण तथा विपद् व्यवस्थापन

१. गाउँपालिका भित्र रहेको जमिनको भू-उपयोग वस्तुस्थिति सहित तयार भएको जग्गाको वर्गिकरणबाट प्राप्त निष्कर्ष एवं. सुझावको कार्यान्वयनमा आएका समस्यालाई समाधान गर्दै लगिनेछ ।संघ र प्रदेश सरकारसँग आवश्यक समन्वय गरी सार्वजनिक जग्गा संरक्षण र उपयोग सम्बन्धी ठोस नीति लिइनेछ।

२. जलवायु संकट तथा विपद् जन्य घटनाबाट अजिरकोटवासीको सुरक्षाका लागि जलवायु उत्थानशीलता र विपद् व्यवस्थापनका एकीकृत कार्यक्रमहरू संचालन गरिनेछ। प्रकृतिप्रेमी विकास र वातावरण संरक्षणमा जोड दिँदै दिगो विकासका लक्ष्यहरू प्राप्त गर्ने कार्यहरू प्रभावकारी रूपमा अघि बढाइनेछ।

३. गाउँपालिका तथा वडास्तरमा विपद् उद्धार तथा राहत टोली गठन गरी आवश्यक उद्धार सामाग्रीको व्यवस्था मिलाइनेछ, जसले आपतकालीन अवस्थामा छिटो र प्रभावकारी उद्धार सेवा सुनिश्चित गर्नेछ।

४. अजिरकोट गाउँपालिका भित्रका मुख्य बजार क्षेत्रलाई वातावरणमैत्री, हरियाली र सुन्दर बनाउन बजारबासीको सौजन्यतामा सौन्दर्यकरणका विविध कार्यक्रमहरू संचालनमा ल्याइने छ ।

५.रासायनिक मलको प्रयोग कम गर्दै प्राङ्गारिक मल उत्पादन, प्रयोग र विक्रि वितरणलाई प्राथमिकता दिइने छ।

६. प्लाष्टिक मुक्त गाउँपालिका निर्माणको अभियान अगाडि बढाउन गाउँपालिका एवं मातहतका कार्यालयहरूमा प्लाष्टिकका सामग्रीको प्रयोगमा न्यूनिकरण गरिनेछ।

७. गाउँपालिका भित्रका होमस्टे, आमा समूह, सरकारी कार्यालय तथा विद्यालयहरूमा आयोजना हुने सभा, सम्मेलन, सम्मान तथा स्वागत जस्ता कार्यक्रमहरूमा अतिथि सत्कारका लागि स्थानीय उत्पादनको प्रयोगलाई प्रोत्साहन गरिनेछ तथा आयातित सामग्रीहरूको प्रयोगलाई पूर्ण रूपमा बन्देज गर्ने नीति अवलम्बन गरिनेछ।

८. मनसुनजन्य विपद्, आगोलागी तथा भूकम्प प्रभावित नागरिकहरूले आवास निर्माण एवं राहत प्राप्ति लगायत राज्यबाट पाउने सुविधालाई सरल र व्यवस्थित गराउँदै लगिने छ । विभिन्न विकास साझेदार र सामाजिक संघसंस्थाहरूसँगको सहकार्यमा उनीहरूको जीविकोपार्जनका गतिविधिहरू सञ्चालन गरी आयआर्जनमा सघाउ पु¥याउने कार्यक्रम सञ्चालन गरिने छ ।

९. जैविक विविधता, बन्यजन्तु, पशुपन्छी, जलाधार ,कुवा,ईनार, पौराणिक धारा चौतारा निर्माण र संरक्षण गरिनेछ।

१०. सामुदायिक बनको क्षमता बिकास र संरक्षण गर्दै आयआर्जनमा समेत जोड्न आवश्यक कार्यक्रम ल्याईनेछ

११. गाउँपालिका भित्र रहेका वन्यजन्तु तथा बहुमूल्य जडीबुटिको चोरी-निकासी तथा अवैध पैठारीमा कडाइका साथ रोक लगाइनेछ। जैविक सम्पदाको संरक्षणका लागि आवश्यकतानुसार स्थानिय हेरालु व्यवस्थापन गरिनेछ, साथै समुदायमा सचेतना तथा संरक्षण अभियान सञ्चालन गरिनेछ।

## ५) सुशासन र संस्थागत विकास

### १. संस्थागत विकास

१. गाउँपालिका तथा वडा कार्यालयहरूमा उजुरी व्यवस्थापन, सेवाग्राही प्रतिक्षालय, स्तनपान कक्ष, र नागरिक वडापत्रको अनिवार्य व्यवस्था गरिनेछ। सार्वजनिक सुनुवाइ, सामाजिक लेखापरीक्षण, त्रैमासिक समीक्षा बैठक तथा कार्यसम्पादन सम्झौतामार्फत जनप्रतिनिधि र कर्मचारीलाई जवाफदेही बनाइनेछ।

२. गाउँपालिकामा नागरिक सेवामा सहजता, पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्न **सेवाग्राही फोकल पर्सन** तोक्ने व्यवस्था गरिनेछ।

३. वार्षिक खरिद योजना, र महालेखा परीक्षकद्वारा विकास गरिएका प्रणालीहरूको पूर्ण प्रयोग सुनिश्चित गरिनेछ। जनप्रतिनिधि र कर्मचारीहरूलाई सूचना प्रविधि, योजना तथा प्रशासनसम्बन्धी तालिम, अध्ययन र अवलोकन भ्रमणको अवसर प्रदान गरिनेछ।

४. राजस्व, योजना, दर्ता-चलानी, जिन्सी व्यवस्थापन, र आन्तरिक नियन्त्रण प्रणालीमा सफ्टवेयरको प्रयोग अनिवार्य गरिनेछ। प्रविधिमैत्री गाउँपालिका अवधारणा अन्तर्गत डिजिटल सेवा, अनलाइन उजुरी, मोबाइल एप तथा GIS आधारित योजना व्यवस्थापन प्रणाली विकास गरिनेछ। सेवा प्रणालीलाई एकीकृत डिजिटल प्लेटफर्ममार्फत जोडिनेछ।

५. बजार अनुगमन, यातायात सुरक्षाको नियमन, र विषादीयुक्त खाद्यवस्तुको नियन्त्रण मार्फत उपभोक्ताको हक संरक्षण गरिनेछ।

६. गैरसरकारी संघ संस्थाहरूबाट सञ्चालन गरिने सबै प्रकारका सहयोग तथा सेवाहरूलाई गाउँपालिकाको एकद्वार प्रणाली मार्फत् सञ्चालन गरी व्यवस्थित बनाइने छ । सहकारी तथा गैर सरकारी संस्थाहरूको नियमित अनुगमन तथा नियमन गरीनेछ ।गैर सरकारी संस्थाकार्यक्षेत्रमा हुने दोहोरोपना अन्त्य गरिने छ र विकास साझेदार संस्थाहरूसँग विकासका कामहरूमा साझेदारी गर्ने नीति लिइने छ।

७. नगर प्रहरीको क्षमता अभिवृद्धि गर्दै गाउँपालिकाभित्र हुने गैरकानुनी तथा सामाजिक रूपमा नकारात्मक गतिविधिहरूको रोकथाम, नियन्त्रण र व्यवस्थापनका लागि नगर प्रहरीको प्रभावकारी परिचालनमा विशेष जोड दिइनेछ।

**ख) राजश्व र स्रोत परिचालन**

१. अजिरकोट गाउँपालिका क्षेत्रभित्रका उत्कृष्ट स्थानीय करदातालाई पुरस्कृत गर्दै आन्तरिक आय प्रवर्धनका कार्यक्रमहरू लागु गरिने छ । आन्तरिक आयका क्षेत्रहरू पहिचान र परिचालन गरी आन्तरिक आयलाई क्रमशः वढवा दिदै लगिने छ । यस गाउँपालिका क्षेत्रभित्र बसोबास गर्ने अजिरकोटबासीहरूको क्षमता, स्थानिय श्रोत र अन्य गाँउपालिकाको तुलनात्मक अध्ययन तथा प्रचलित ऐन नियमका आधारमा करका दरहरू निर्धारण गरिने छ ।

२. राजस्व सुधार योजनाबाट प्राप्त सुझावहरू कार्यान्वयन गर्दै ढुंगा, गिट्टी, बालुवा (दहत्तर-बहत्तर) लगायत प्राकृतिक स्रोत-साधनको अनधिकृत दोहन नियन्त्रण गरिनेछ। साथै, स्लेट तथा अन्य खानीजन्य पदार्थहरूको सम्भाव्यता अध्ययन, अन्वेषण र कानुनसम्मत उपयोगमार्फत गाउँपालिकाको आन्तरिक राजस्व अभिवृद्धि गरिनेछ।

३. व्यवसायीको क्षमता र सामर्थ्यको आधारमा करको दायराभित्र समावेश गरी आन्तरिक आय अभिवृद्धि गर्न आ.व. २०८३/०८४ लाई व्यवसाय दर्ता /नविकरण वर्षको रुपमा निरन्तरता दिइनेछ।

४. व्यापार व्यवसाय, होटल तथा साना उद्योग दर्ता, नविकरण, सूचीकृत हुन ताकेता गर्दै कानूनी प्रकृया पूरा नगरी संचालित व्यवसायलाई कारवाहीको दायरामा ल्याइनेछ।

५. करदातालाई नियमित समयमा नै कर तिर्ने बानी बसाल्न र प्रोत्साहन गर्न **कर तिर्नु भार होइन, आर्थिक समृद्दिको आधार** हो भन्ने अभियान सहित करदाता शिक्षा समुदायस्तरमा संचालन गरिनेछ।

६. राजश्व चुहावटलाइ नियन्त्रण गर्दै राजश्व संकलनलाई थप प्रभावकारी बनाउन जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकास गरिनेछ।

६. अनियमितरूपमा राजश्व छली गर्ने व्यक्तिहरूका लागि स्पष्ट निगरानी, कारबाही र जरिवाना गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

**ग) सूचना तथा सञ्चार प्रबिधी**

१.जनप्रतिनिधि, कर्मचारी तथा समुदायस्तरमा सूचना प्रविधि साक्षरता तालिम तथा अनुशिक्षण एवं अभ्यासका कार्यक्रम निरन्तर सञ्चानल गरी प्रविधिमैत्री गाउँपालिका निर्माण अभियानलाई निरन्तरता दिँदै सूचना तथा सञ्चार प्रविधिको अधिकतम उपयोगमार्फत सेवा प्रवाहलाई थप प्रभावकारी, पारदर्शी तथा नागरीकमैत्री बनाईनेछ।

२. वडा कार्यालय, स्वास्थ्य संस्था, विद्यालयहरू तथा गाउँपालिकाको मातहतमा रहेका सम्पूर्ण कर्मचारीहरूलाई विद्युतीय हाजिरी (E-Attendance) प्रणालीको प्रभावकारी सञ्चालन तथा व्यवस्थापन सम्बन्धी तालिम प्रदान गरिनेछ ।

३. विद्यालयका बालबालिकामा सूचना प्रविधिसम्बन्धी ज्ञान, सीप तथा नवप्रवर्तनात्मक सोचको विकासका लागि विद्यालयस्तर अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ ।

४. कार्यालयभित्रका फाइल तथा अभिलेखहरूको सुरक्षित भण्डारण, साझेदारी तथा व्यवस्थापनका लागि Next cloud लगायतका Centralized Internal Cloud System स्थापना गरी सञ्चालनमा ल्याइनेछ तथा सम्बन्धित कर्मचारीहरूलाई यसको प्रयोगसम्बन्धी तालिम प्रदान गरिनेछ।

५. स्थानीय शासन तथा प्रशासनिक कार्यसम्पादनलाई थप प्रभावकारी, पारदर्शी तथा उत्तरदायी बनाउन LGPAS, गाउँपालिकाको वेवसाइट, विपद् व्यवस्थापन पोर्टल तथा अन्य विद्युतीय सूचना प्रणालीहरूको नियमित सञ्चालन, व्यवस्थापन, अनुगमन तथा अद्यावधिक (Update) कार्यलाई व्यवस्थित गरिनेछ साथै यस्ता प्रणालीहरूको प्रभावकारी प्रयोग सुनिश्चित गर्न र कर्मचारीहरूको क्षमता अभिवृद्धिका लागि आवश्यक सूचना प्रविधि तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

६. गाउँपालिकाका विकास निर्माण, सेवा प्रवाह, विपद् व्यवस्थापन, पर्यटन प्रवर्द्धन तथा अभिलेखीकरण कार्यलाई थप प्रभावकारी बनाउन आवश्यक ड्रोन, क्यामेरा तथा तिनका सहायक उपकरण (Accessories) प्रयोगमा ल्याइनेछ ।

७. सेवा प्रवाह हुने कार्यालय, पर्यटकीय स्थलमा फ्री वाईफाई जोन स्थापना गरिनेछ ।

८. गाउँपालिकाका सूचना, नीति, योजना, कार्यक्रम, बजेट, ऐन प्रतिवेदन लगायतका महत्वपूर्ण जानकारीलाई वेवसाइट र मोबाइल एप्सको माध्यमबाट पारदर्शी रुपमा प्रकाशित गरिनेछ।

९. पत्रकारिता तथा सञ्चार माध्यमको प्रभावकारी उपयोगमार्फत गाउँपालिकाको पहिचान प्रवर्द्धन र प्रचार-प्रसारलाई व्यापक बनाउन आवश्यक रचनात्मक नीति अवलम्बन गरिनेछ।

१०. गाउँपालिकाले सडक सुरक्षा, सार्वजनिक सम्पत्तिको संरक्षण तथा अपराध नियन्त्रणमा सहयोग पुऱ्याउने उद्देश्यले हाल जडान गरिरहेको ५ किलोमिटर सडक क्षेत्रको CCTV निगरानी प्रणालीलाई निरन्तर सञ्चालन, मर्मत सम्भार तथा स्तरोन्नति गरिनेछ। उक्त प्रणालीको प्रभावकारी उपयोगका लागि नेपाल प्रहरीसँग आवश्यक समन्वय तथा सहकार्यलाई सुदृढ गरिनेछ ।
११. गाउँपालिकाको कार्यालय तथा मातहतका सरकारी निकायहरुमा विद्युतिय सुरक्षा सुनिश्चित गर्दै सूचना प्रविधि पुर्वाधारहरुको दीर्घकालीन संरक्षणका लागि इलेक्ट्रिकल वायरिङको मर्मत तथा स्तरोन्नति गरिनेछ। साथै, नियमित सरकारी कामकाजलाई बाधावरोधरहित बनाउन इन्भर्टर ब्याट्री प्रणालीको उचित व्यवस्थापन गरिनुका साथै आकस्मिक विद्युतीय जोखिम र चट्याङबाट उपकरण एवं मानविय सुरक्षा कायम गर्न अर्थिङ प्रणालीको स्थापना तथा सुदृढीकरण गरिनेछ।

**घ) न्यायिक समिति**

१. सबै नागरिकका लागि न्यायिक सेवामा सजिलो पहुँच सुनिश्चित गर्न वडा स्तरमै स्थापित मेलमिलाप केन्द्रको उचित व्यवस्थापन गरिनेछ।
२. दलित, महिला, अपाङ्गता भएका व्यक्तिहरू तथा विपन्न वर्गका लागि निःशुल्क कानुनी परामर्श सेवा उपलब्ध गराइनेछ।
३. न्यायिक समिति पदाधिकारी तथा मेलमिलापकर्ताहरुलाई नियमित क्षमता अभिवृद्धिका कार्यक्रम संचालन तथा अन्तरपालिका असल अभ्यास तथा अनुभव साटासाट कार्यक्रम मार्फत अन्य न्यायिक समितिहरूसँग सिकाइको अवसर दिइनेछ।
४.न्यायिक समितिमा परेको उजुरीको दर्ता, फर्छ्यौट, प्रक्रिया आदि विवरणहरूलाई डिजिटल फाइल ट्र्याकिङ मार्फत व्यवस्थित गरिनेछ, त्रैमासिक रूपमा न्यायिक कार्यको प्रगति समीक्षा, तथा समितिको निर्णय कार्यान्वयन सम्बन्धी नियमित अनुगमन, मूल्यांकन गरिनेछ।
५. न्यायमा समानता र विश्वसनियता प्राप्त गर्न इजालस निर्माणलाई पुर्णता दिई व्यवस्थित र थप प्रभावकारी बनाउने बिधि अबलम्बन गरिनेछ।
६. प्रहरी, मेलमिलापकर्ता र न्यायिक समितिको समन्वय र सहकार्यलाई थप सुदृढ बनाउदै लगिनेछ।
७. न्यायमा सबैको समान पहँच पुऱ्याउन तथा कानुनी सचेतना बढाउन समुदायस्तर तथा बिद्यालयस्तरमा कानुनी शिक्षा कार्यक्रम संचालन गरिनेछ।

सभा सदस्यज्यूहरु,

हामी आज अजिरकोट निर्माणको निर्णायक चरणमा उभिएका छौँ। जनताका आशा, अपेक्षा र आकाङ्क्षालाई वास्तविक उपलब्धिमा रूपान्तरण गर्दै समृद्ध, आत्मनिर्भर र सुशासित अजिरकोट निर्माण गर्ने अवसर हाम्रो सामु छ। त्यसका लागि हामी सबैले इमान्दारिता, जिम्मेवारी, पारदर्शिता र

समर्पणका साथ आफ्ना दायित्व पूरा गर्ने दृढ अठोट गर्न आवश्यक छ। परिवर्तनको वाहक हामी नै हौँ, र समृद्ध अजिरकोट निर्माण गर्ने निर्णायक शक्ति पनि हामी नै हौँ।

जनताको सेवा नै मानवताको सर्वोच्च धर्म हो। अजिरकोट सरकारको सम्पूर्ण शक्ति, स्रोत र सामर्थ्य जनताको जीवनमा सुख, समृद्धि, सुरक्षा र उज्यालो भविष्य ल्याउने उद्देश्यमा समर्पित रहनेछ। स्थानीय तह संस्थागत भएसँगै जनताको ठूलो आशा र अपेक्षा स्थानीय सरकारप्रति केन्द्रित भएको छ। यस महत्वपूर्ण जिम्मेवारीलाई आत्मसात् गर्दै अजिरकोटका जनताको आर्थिक, सामाजिक, सांस्कृतिक तथा पूर्वाधार विकासका आकाङ्क्षा पूरा गर्न आफ्नो संस्थागत तथा व्यक्तिगत क्षमता र सामर्थ्यले भ्याएसम्म हामी जनप्रतिनिधिहरू अनवरत रुपमा समर्पित, जिम्मेवार र प्रतिबद्ध रहनेछौँ।
अन्त्यमा,
हामीले केवल निराशा बाँडेर सफलता हासिल गर्न सक्दैनौँ। आजको सुन्दर, समृद्ध र सुखि अजिरकोट निर्माणको दाता हामी हौं। हाम्रो एकता, इमान्दारिता, र लगनशीलताबाट मात्र समृद्ध अजिरकोटको संभव छ। म यस घडीमा छातीमा हात राखेर सबैलाई अपिल गर्न चाहान्छु म **बदलिन्छु र हामी सबै बदलिनुको विकल्प छैन** हाम्रो साझा लक्ष्य र अन्तिम गन्तव्य एकै हो **"ऊर्जा, कृषि र पर्यटनमा जोडः समृद्ध, सुखी हाम्रो अजिरकोट।"**

**"न्यानो अभिबादन सहित धन्यबाद"**